प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

# सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५

मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त मितिः २०७५।११।३

**संशोधन गर्ने:**

सूदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति (पहिलो संशोधन)गठन आदेश, २०७६ संशोधन मितिः २०७६।०९।२१
सूदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति (दोस्रो संशोधन)गठन आदेश, २०७८ संशोधन मितिः २०७८।११।११

सुदूरपश्चिम प्रदेश सरकार मातहतका सबै अस्पतालहरुको कामकारबाही गुणस्तरीय, चुस्त र दुरुस्त बनाउनुका साथै स्वास्थ्य सेवालाई थप सुदृढ एवं प्रभावकारी बनाउन अस्पताल व्यवस्थापन समिति गठन गर्न वान्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ (१) को अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो गठन आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "सूदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश मन्त्रिपरिषदबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस गठन आदेशमा,-

(क) "अस्पताल" भन्नाले सुदुरपश्चिम प्रदेश सरकार मातहत रहेका दफा ३ बमोजिम बर्गिकृत अस्पतालहरु सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "करार सेवा" भन्नाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम जनशक्ति करारमा लिने करार सेवा सम्बन्धि प्रावधानलाई सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस गठन आदेश अन्तर्गत बनेको कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) "प्रदेश" भन्नाले सुदुरपश्चिम प्रदेशलाई सम्झनुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(छ) "मन्त्री" भन्नाले सामाजिक विकास मन्त्रीलाई सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले अस्पताल व्यवस्थापन समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

३. **अस्पतालको वर्गिकरणः-** (१) सुदूरपश्चिम प्रदेश सरकार मातहत रहेका अस्पतालहरुको वर्गिकरण देहायबमोजिम हुनेछः-

(क) एकाउन्न शैया र सो भन्दा बढी शैया भएको अस्पताल "क" वर्गको हुनेछ,

(ख) छब्बिस शैया देखि पचास शैयासम्म भएको अस्पताल "ख" वर्गको हुनेछ,

(ग) पच्चिस शैयासम्म भएको अस्पताल "ग" वर्गको हुनेछ ।

४. **समितिको गठन :** (१) प्रदेश सरकार मातहतका अस्पतालको व्यवस्थापन र संचालन गर्ने काम समेतको लागि प्रत्येक अस्पतालमा देहाय बमोजिमको एक अस्पताल व्यवस्थापन समिति रहनेछः-

**(क) "क" वर्गका अस्पतालहरुको व्यवस्थापन समिति देहायबमोजिम हुनेछः-**

(१) चिकित्सा वा स्वास्थ्य वा जनस्वास्थ्य वा व्यवस्थापन वा कानून वा

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

समाजशास्त्र सम्बन्धी क्षेत्रमा अनुभव प्राप्त लब्धप्रतिष्ठित समाजसेवी व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले मनोनयन गरेको व्यक्ति – अध्यक्ष

(२) सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख – सदस्य

(३) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी – सदस्य

(४) अस्पताल रहेको क्षेत्रको सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष – सदस्य

♣(५) सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने प्रतिष्ठित समाजसेवीहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित पाँचजना – सदस्य

(६) विशेषज्ञ वा चिकित्सकहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति एकजना – सदस्य

(७) सम्बन्धित जनस्वास्थ्य कार्यालयको प्रमुख – सदस्य

(८) जिल्ला रेडक्रस सोसाइटीको अध्यक्ष – सदस्य

⊕(८क) अस्पताल रहेको क्षेत्रको स्थानीय तहको सम्बन्धित वडाका समाजसेवीमध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति एकजना – सदस्य

(९) सम्बन्धित अस्पतालको प्रमुख – सदस्य सचिव

(ख) "ख" वर्गका अस्पतालहरुको व्यवस्थापन समिति देहायबमोजिम हुनेछः-

(१) चिकित्सा वा स्वास्थ्य वा जनस्वास्थ्य वा व्यवस्थापन वा कानून वा समाजशास्त्र सम्बन्धी क्षेत्रमा अनुभव प्राप्त लब्धप्रतिष्ठित समाजसेवी व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति – अध्यक्ष

(२) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुख वा निजले तोकेको सदस्य प्रतिनिधि – सदस्य

(३) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि – सदस्य

(४) अस्पताल रहेको क्षेत्रको सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष – सदस्य

(५) जिल्ला रेडक्रस सोसाइटीको अध्यक्ष वा निजले तोकेको कार्यसमितिको सदस्य प्रतिनिधि – सदस्य

(६) सम्बन्धित जनस्वास्थ्य कार्यालयको प्रमुख – सदस्य

(७) विशेषज्ञ वा चिकित्सकहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति एकजना – सदस्य

♣ (८) सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने प्रतिष्ठित समाजसेवीहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित पाँचजना – सदस्य

(९) अस्पताल रहेको क्षेत्रको स्थानीय तहको सम्बन्धित वडाका समाजसेवीहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति एकजना – सदस्य

(१०) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट – सदस्य सचिव

---

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

⊕ पहिलो संशोधनद्वारा थप ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(ग) "ग" वर्गका अस्पतालहरुको व्यवस्थापन समिति देहायबमोजिम हुनेछः-

(१) चिकित्सा वा स्वास्थ्य वा जनस्वास्थ्य वा व्यवस्थापन वा कानून वा समाजशास्त्रसम्बन्धी क्षेत्रमा अनुभव प्राप्त लब्धप्रतिष्ठित समाजसेवी व्यक्तिहरुमध्येबाट प्रदेश सरकारले मनोनयन गरेको व्यक्ति – अध्यक्ष

(२) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुख वा निजले तोकेको सदस्य प्रतिनिधि – सदस्य

(३) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि – सदस्य

(४) अस्पताल रहेको क्षेत्रको सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष – सदस्य

(५) जिल्ला रेडक्रस सोसाइटीको अध्यक्ष वा निजले तोकेको कार्यसमितिको सदस्य प्रतिनिधि – सदस्य

(६) सम्बन्धित जनस्वास्थ्य कार्यालयको प्रमुख – सदस्य

(७) विशेषज्ञ वा चिकित्सकहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति एकजना – सदस्य

* (८) सम्बन्धित जिल्लामा स्थायी बसोबास गर्ने प्रतिष्ठित समाजसेवीहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित पाँचजना – सदस्य

(९) अस्पताल रहेको क्षेत्रको स्थानीय तहको सम्बन्धित वडाका समाजसेवीहरुमध्ये मन्त्रालयले मनोनयन गरेको व्यक्ति एकजना – सदस्य

(१०) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट – सदस्य सचिव

(२) अध्यक्ष तथा सदस्य पदमा मनोनयन हुनको लागि देहायबमोजिमको योग्यता भएको हुनुपर्नेछः-

(क) नेपालको नागरिक,

(ख) "क" वर्गको अस्पतालको समितिको अध्यक्षको हकमा ३५ बर्ष पूरा भएको र अन्य मनोनयन हुने सदस्यहरु र जुनसकै वर्गका अस्पतालका मनोनयन हुने सदस्यहरुको हकमा २१ बर्ष पूरा भएको,

*(ग) "क" वर्गको अस्पतालको समितिको अध्यक्ष पदमा मनोनयन हुनको लागि कम्तिमा स्नातक तह तथा "ख" र "ग" वर्गका अस्पतालको समितिको अध्यक्ष पदमा मनोनयन हुनका लागि कम्तीमा प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) प्रचलित कानूनबमोजिम अयोग्य नठहरिएको,

*(३) उपदफा (१) बमोजिम समितिका पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ । अध्यक्षको हकमा दुई कार्यकाल भन्दा बढी अध्यक्षमा मनोनयन गरिने छैन ।

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पतालको हित विपरीत कुनै काम गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> (१) विभिन्न क्षेत्रबाट स्रोतसाधन जुटाई अस्पतालबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय, चुस्त, दुरुस्त र सर्बसुलभ बनाउनुका साथै अस्पताललाई समृद्ध र सुबिधा सम्पन्न बनाई गुणस्तरीय सेवामा अभिवृद्धि गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित समितिको काम र अधिकारहरु देहायबमोजिम हुनेछनः-

(क) प्रभावकारीढंगले अस्पतालको व्यवस्थापन तथा सञ्चालन गर्न सहयोग गर्ने,

(ख) अस्पतालको समग्र सेवा सुधार तथा अभिबृद्धि गरी गुणस्तरीय तुल्याउनको लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्यिन गर्ने, गराउने,

(ग) अस्पताल व्यवस्थापन र संचालनको लागि आवश्यक स्रोतसाधन जुटाउने,

(घ) अस्पतालको बार्षिक आन्तरिक बजेट तथा अस्पताल व्यस्थापन समितिलाई विभिन्न श्रोतबाट प्राप्त अनुदान बजेट स्वीकृत गर्ने,

(ङ) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(च) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण, अभिलेखीकरण, मर्मत सम्भार तथा विकास गर्ने,

(छ) अस्पतालको लागि प्राविधिक वा प्रशासनिक जनशक्ति आवस्यक पर्ने भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई समितिले अस्पताल व्यवस्थापन समितिको स्रोतबाट पारिश्रमिक दिने गरी आवश्यक जनशक्ति प्रचलित कानुन अनुसार करारमा नियुक्त गर्न सक्नेछ । तर अस्पताल व्यस्थापन समितिको श्रोतको बढीमा ६० (साठी) प्रतिशत रकम मात्र आवश्यकता तथा औचित्यताको आधारमा अस्पताललाई आवश्यक जनशक्ति व्यवस्थापनको लागि खर्च गर्न सकिनेछ । बाँकी रकम अस्पतालको भौतिक सुधार, औषधि उपचार आदि सेवामा प्रचलित कानुन अनुसार खर्च गर्न सकिनेछ,

तर दफा ५ को उपदफा २ को (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको निर्णययबाट कुनै पनि कर्मचारीलाई स्थाई हुने गरी नियुक्त गर्न सकिने छैन ।

(ज) अस्पतालको सेवालाई गुणस्तरीय, चुस्त, दुरुस्त बनाउनका लागि आवश्यक क्रियाकलाप गर्ने,

(झ) अस्पतालबाट प्रदान गरिएका सेवा सुविधाहरुको अनुगमन, नियमन तथा मुल्यांकन गर्ने,

(ञ) अस्पतालको अर्धवार्षिक र वार्षिक रुपमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने,

(ट) आर्थिक रुपमा असहाय तथा असक्षम बिरामीको लागि निःशुल्क उपचार सम्बन्धी कार्यविधि वा निर्देशिका बनाई निःशुल्क उपचारको व्यवस्था मिलाउने,

(ठ) अस्पतालको सेवा तथा आय व्यय आदिको बार्षिक सामाजिक परिक्षण गर्ने, गराउने र सो को बार्षिक प्रतिबेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको बढीमा तीन महिना भित्र सामाजिक बिकास मन्त्रालयमा पेश गर्ने,

(ड) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने,

(ढ) दफा ५ को उपदफा २ को (छ) मा जुनसुकैकुरा लेखिएको भएतापनि प्रचलित सार्बजनिक खरिद ऐन बमोजिमको परामर्श सेवा खरिद विधिबाट बाहेक अन्य तरिकाबाट कुनै कामदार वा कर्मचारी

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

नियुक्त वा करारमा लिइएमा त्यसरी नियुक्त गर्ने वा करारमा लिने पदाधिकारीबाट सो वापतको खर्च सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

६. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u> : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा चौबीसं घण्टाअगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नेछन् ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञबाट नेपाल सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>समितिका पदाधिकारीको सेवा, सुविधा तथा भत्ता:</u> (१) समितिका अध्यक्ष तथा सदस्यहरुले बैठकमा भाग लिएवापत प्रचलित कानून बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(२) अस्पतालको कामको सिलसिलामा वा अस्पतालको सुधार तथा साधन श्रोत जुटाउन वा माथिल्लो तहबाट कुनै थप निर्णय गराउन वा समन्वय गर्न भ्रमणमा जानु परेमा अध्यक्ष वा समितिका पदाधिकारीहरुले अस्पताल व्यस्थापन समितिको निर्णय गराई स्वदेशभित्रै भ्रमणमा जान सक्नेछन् । भ्रमणमा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानूनबमोजिम समितिको कोषबाट भुक्तानी गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा तोकिएको सुबिधा बाहेक समितिका पदाधिकारीहरुलाई मासिक तलव भत्ता लगायत अन्य कुनैपनि सुबिधा उपलब्ध गराइने छैन ।

♣ (४) अस्पतालको कुनै पनि चल अचल सम्पत्ति तथा सवारी साधन समितिको अध्यक्ष लगायतका पदाधिकारीहरुले कार्यालय प्रयोजनका लागि प्रयोग गर्न पाउने छन् ।

८. <u>समितिको कोष :</u> (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) प्रदेश सरकारबाट अस्पताल संचालनको लागि प्राप्त रकम,

(ख) संघीय सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम

(घ) अस्पतालले सेवा प्रदान गरे बापत प्राप्त हुने रकम,

(ङ) अस्पतालले कार्यक्रम संचालनको लागि प्राप्त गर्ने रकम,

(च) अन्य दातृ निकाय वा विकास साझेदार संस्थाहरुबाट प्राप्त हुने रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

---

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(३) समितिको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट जुनसुकै सहायता रकम प्राप्त गर्नु अघि प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

(५) समितिको नाममा सम्बन्धित जिल्लाको कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली कोषको खाता संचालन गरिनेछ ।

(६) समितिको कोषको खाता संचालन अस्पताल प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रमका लागि रकम प्राप्त भएको छ सो रकम सोहि कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

⊕ (८) समितको कोषको रकम अस्पताल व्यवस्थापन समितिले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार खर्च गर्नुपर्नेछ ।

९. <u>लेखा र लेखापरिक्षण:</u> (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा ढांचा बमोजिम श्रेस्ता राख्नुपर्नेछ ।

(२) समितिको आन्तरिक लेखापरिक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

(३) समितिको अन्तिम लेखपरिक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परिक्षकबाट हुनेछ ।

(४) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब जाँच गर्न वा जचाँउन सक्नेछ ।

१०. <u>अधिकार प्रत्यायोजन :</u> समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष, सदस्य, सदस्य सचिव वा समितिको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११. <u>निर्देशन दिने :</u> मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१२. <u>प्रदेश सरकारसंग सम्पर्क :</u> समितिले प्रदेश सरकारसंग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१३. <u>कार्यविधि तथा निर्देशिका बनाउने अधिकार:</u> (१) समितिले अस्पताल ब्यबस्थापन तथा सन्चालन गर्न यस गठन आदेशको अधिनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको कार्यविधि वा निर्देशिका मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

१४. <u>खारेजी र बचाउ:</u> (१) यो गठन आदेश जारी हुनुभन्दा अघि गठन भएका यस प्रदेशभित्रका अस्पताल व्यवस्थापन समितिहरु खारेज गरिएका छन् ।

(२) यो गठन आदेश जारी हुनुभन्दा अघि प्रचलित कानूनबमोजिम भए गरेका काम कारवाहीहरु यसै गठन आदेश बमोजिम भए, गरेको मानिनेछ ।

---

⊕ दोस्रो सशोंधनद्वारा थप।